# भाग ५

## निर्वाचन आयोगको

## सूचना

निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत इलाम जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा संवत् २०८१ साल वैशाख १५ गते हुने उपनिर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८०।१२।२४ | | १०:०० | १७:०० | मुख्य निर्वाचन अधिकृतको कार्यालय |
| २. | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८०।१२।२४ | | १७:०० | १८:०० | ऐ. ऐ. |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८०।१२।२५ | | १०:०० | १५:०० | ऐ. ऐ. |
| ४. | मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८०।१२।२५ | २०८०।१२।२६ | १५:०० (मिति २०८०।१२।२५) | १७:०० (मिति २०८०।१२।२६) | ऐ. ऐ. |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८०।१२।२६ | | १७:०० | १८:०० | ऐ. ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | उम्मेदवारले नाम फिर्ता लिने | २०८०।१२।२७ | ०९:०० | १३:०० | ऐ. ऐ. |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८०।१२।२७ | १३:०० | १५:०० | ऐ. ऐ. |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८०।१२।२७ | १५:०० | १७:०० | ऐ. ऐ. |
| ९. | मतदान गर्ने | २०८१।०१।१५ | ७:०० | १७:०० | सम्बन्धित मतदान केन्द्र |

**द्रष्टव्यः**

१. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार सोही दफाहरुको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

२. निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान सम्पन्न भई मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी सुरक्षित रुपमा भण्डारण भए पछि निर्वाचन अधिकृतले मतगणना कार्य शुरु गर्नेछ।

**आज्ञाले,**
**यज्ञ प्रसाद भट्टराई**
**निमित्त सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।